दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३३८ | बुटवल | २०८१ मंसिर ३०, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Dec. 15, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# मोतीपुर औद्योगिक क्षेत्रको डीपीआर परिमार्जन हुने

### शिलान्यासको ५ वर्षमा जग्गा सीमांकन सुरु भएको आयोजनाको नयाँ डीपीआर बनेपछि मात्रै क्षेत्रफल, प्लट र उद्योग संख्या, लागत र रोजगारी यकिन हुनेछ। पुरानो डीपीआर अनुसार १२ अर्ब लागत र ५४४ प्लट हुने उल्लेख थियो।

**टिआर शर्मा**

*बुटवल*

प्रदेशस्तरीय रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्रको जग्गामा उत्पन्न विवादका कारण पुरानो डीपीआर (विस्तृत परियोजना प्रतिवेदन ) संशोधन गर्नुपर्ने भएको छ। २०७२ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले सातै प्रदेशमा एक एक वटा औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको थियो । बुटवलको मोतीपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारीसम्मको नदी उकास करिब एक हजार बिघामा औद्योगिक क्षेत्र बनाउने घोषणा सरकारले गरेको थियो। सरकारको घोषणा अनुसार धनीपुर्जा प्राप्त ८१३ बिघा र पुर्जा प्राप्त नभएको १३३.४६ बिघा गरी ९४६.४६ बिघा (६४१ हेक्टर) को डीपीआर बनेको थियो ।

सोही डीपीआर अनुसार बनाउने गरी २०७७ साल फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रुपमा औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए । तर सरकारले औद्योगिक क्षेत्र घोषणा गरेको जग्गामा वर्षौंदेखि जोतभोग भएको स्थानीयको खेत, बस्ती, विद्यालय, मठमन्दिर र वन क्षेत्र गरी करिब साढे दुई सय बिघा समेत परेको थियो । वस्ती र जोतभोगको जग्गा समेत औद्योगिक क्षेत्रमा परेपछि स्थानीय बासिन्दा आन्दोलित भई विरोधमा उत्रिएर काम अघि बढ्न दिएका थिएनन् । शिलान्याश कार्यक्रममै स्थानीयले ढुंगामुढा गरेर बिथोलेका थिए।

जोतभोग र बस्ती भएको जग्गामा औद्योगिक क्षेत्र बन्न नदिने भन्दै स्थानीयको आन्दोलन र अवरोधका कारण शिलान्याश भएको पांच वर्ष र घोषणा भएको ९ वर्षसम्म काम अघि नबढेर परियोजना अलपत्र परेपछि धनीपुर्जा प्राप्त ८१३ बिघाको सबै जग्गामा औद्योगिक क्षेत्र बनाउन नसकिने निश्कर्षमा सरकार पुग्यो। त्यसपछि पटक पटकको छलफलपछि वस्ती र स्थानीयको जोतभोगको जग्गा छाडेर विवाद नहुने ठानिएको करिब ५ सय बिघामा औद्योगिक क्षेत्र बनाउने गरी सरकार अघि बढेपछि डीपीआर संशोधन गर्नुपर्ने भएको हो । सोही अनुसार अहिले सेक्टर बी अन्तर्गत बुटवल वडा नं. १७ र १८ को २३८ बिघाको सीमांकन शुरु गरिएको औद्योगिक क्षेत्र व्यवस्थापन लि. बुटवलका प्रमुख दीपक आचार्यले बताए। यसअघिको डीपीआर अनुसार औद्योगिक क्षेत्रलाई ५ वटा ब्लक (सेक्टर)मा छुट्टाइएको थियो।

सेक्टर बी को २३८ बिघासहित सेक्टर डीको १०९ बिघा तथा र सेक्टर ईको ४४ बिघामा पनि विवाद नहुने आचार्यको भनाइ छ। सरकारी तथ्यांकअनुसार सेक्सन डीमा २ वटा र ईमा ९ वटा घर मात्र औद्योगिक क्षेत्रको जग्गामा परेका छन्। यसअघिको डीपीआर अनुसार औद्योगिक क्षेत्र बन्ने क्षेत्रफलको ४५ प्रतिशत जग्गा बुटवलमा, २८ प्रतिशत शुद्धोधनमा, १३ प्रतिशत तिलोत्तमामा र ६ प्रतिशत जग्गा सियारीमा पर्छ । 'सरकारले घोषणा गरेको पूरै क्षेत्रफलमा औद्योगिक क्षेत्र नबन्ने निश्चित भयो, अब विवाद नहुने क्षेत्रको जग्गाको क्षेत्रफल यकिन गरेर नयां डीपीआर बनाउनुपर्ने भएको छ,' आचार्यले भने-'सरकारले अब स्थानीयसंग विवाद नहुने ठाउंमा मात्रै औद्योगिक क्षेत्र बनाउँछ।'




**कस्तो थियो यसअघिको डीपीआर ?**

यसअघिको डीपीआर अनुसार १२ अर्ब अनुमानित लागतमा निर्माण हुने भनिएको मोतीपुरऔद्योगिक क्षेत्रमा ५ सय ४४ प्लट हुने उल्लेख थियो । औद्योगिक क्षेत्रभित्र ४ लेनको मुख्य सडक, २ लेनको सहायक सडक, साइकल लेन, फुटपाथ, हरियाली क्षेत्र निर्माण हुने उल्लेख थियो। चौबीसै घण्टा विद्युत् आपूर्तिका लागि औद्योगिक क्षेत्रभित्र ४० मेगावाटको फिडर, वाटर ट्रिटमेन्ट प्लान्ट र स्वास्थ्य केन्द्रको समेत सुविधायुक्त बनाउने योजना थियो। डीपीआर अनुसार सेक्टर ए (तिलोत्तमा) र सेक्टर सी (शुद्धोधन फर्साटिकर) मा विदेशी लगानीमा आधारित उद्योग रहने उल्लेख थियो।

यस्तै सेक्टर बी मोतीपुरमा २६२ वटा उद्योग स्थापना हुने अनुमान छ। जसमा साना उद्योगको लागि ९२ वटा प्लट (४.९ रोपनी ), मझौला उद्योगको लागि ५१ वटा प्लट (४.५ रोपनी ) , ठुला उद्योगको लागि ११९ वटा प्लट (५.१ रोपनी) उल्लेख थियो।

यसअघिको डीपीआर अनुसार अनुमानित प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको संख्या ३० हजार र स्थापना हुने उद्योगहरु स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई बिशेष ग्राह्यता रहने उल्लेख थियो।

शिलान्यास भएको १ महिनाभित्र उद्योग स्थापनाको लागि आशयपत्र आवहान गरिने, उक्त आव्हान पत्रको आधारमा ६ महिनाभित्र उद्योगीहरुलाई चाहिने न्यूनतम पूर्वाधारहरु (अस्थायी सडक, विद्युत् र पानी ) को व्यवस्थापन गरी औद्योगिक क्षेत्र र उद्योगीहरुलेसँग सँगै आ-आफ्नो पूर्वाधारको निर्माण कार्यको थालनी गरी २ वर्षभित्र सम्पन्न पश्चात उद्योग सञ्चालनमा ल्याउने र ५ वर्षभित्रमा औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले सम्पूर्ण पूर्वाधारहरुको निर्माण सम्पन्न गरिसक्ने लक्ष्य रहेको थियो। औद्योगिक क्षेत्र व्यवस्थापन लि. बुटवलका प्रमुख दीपक आचार्यले यसअघिको डीपीआरलाई आधार मानेर जग्गाको क्षेत्रफल कति घट्छ सोही अनुसार नयाँ डीपीआर बनाइने बताए।

'नयां डीपीआर बनेपछि मात्रै औद्योगिक क्षेत्रको क्षेत्रफल, प्लट र उद्योग संख्या, लागत र रोजगारी यकिन हुनेछ,' आचार्यले भने-'डीपीआर पछि ईआईएको काम पनि महत्वपूर्ण हुन्छ, यी सबै काम सकेर उद्योगीलाई जग्गा वितरण,उद्योग स्थापना र सञ्चालनमा आउन केही वर्ष लाग्छ।'

**उद्योगलाई यस्ता हुनेछन् सुविधा**

औद्योगिक क्षेत्रमा उद्योगहरुलाई आकर्षण र प्रवर्द्धन गर्नको लागि न्यूनतम ५ वर्षको लागि जग्गाको भाडामा पूर्ण छुट र १० वर्षपछि मात्र भाडादर कायम हुने, उद्योगले खपत गर्ने पानीमा सहुलियतको व्यवस्था गरिने, विद्युत् खपतको आधारमा छुट दिने व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गरिने, विद्यमान औद्योगिक क्षेत्र व्यवस्थापन तथा संचालन नियामावली समय सापेक्ष संशोधन गरी उद्योगमैत्री बनाइने, औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुलाई आवश्यक पर्ने कच्चापदार्थ मिल-मेसिनरी पैठारी गर्दा भन्सारमा लाग्ने बिलम्ब शुल्क नलाग्ने व्यवस्थाका लागि पहल गर्ने नीति बनाइएको छ।

» बाँकी ३ पेजमा

## 'प्रचण्ड जहाँ गयो जिन्दावादको नारा'



बुटवल। नेकपा माओबादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संविधानमा प्राप्त उपलब्धिको रक्षा र थप उपलब्धिको लागि अर्को लडाइ लड्नुपर्ने बताएका छन्। नेपाली कांग्रेस र नेकपा एमालेले मधेसी, दलित, महिला, उत्पीडित वर्ग समुदायको अधिकार खोस्न उद्यत भएको आरोप लगाउँदै प्रचण्डले संविधानले दिएका अधिकार रक्षाका लागि फेरि अर्को लडाइ लड्नु पर्ने आवश्यक रहेको बताएका हुन् । शनिबार रुपन्देहीको तिलोत्तमामा राष्ट्रिय जनमुक्ति पार्टीका पूर्व उप महासचिव राम परियारसहित विभिन्न पार्टीका तीन सय बढी नेता कार्यकर्तालाई पार्टी प्रवेश गराउँदै प्रचण्डले यस अघिको आफ्नो सरकारले भ्रष्टाचारविरुद्ध र सुशासनका पक्षमा अघि बढाएको कदम र उप चुनावको परिणामले पार्टी प्रति आकर्षण बढेको बताए।

सरकार छाड्ने बेला केही मिडियाले माओवादी अब सिद्धिने भयो भनेर नियोजित दुष्प्रचार गरेको उल्लेख गर्दै तर माओबादी २०८४ को चुनावमा २०६४ साल फर्काउने गरी अघि जनमत बढाउन लागेको बताए। विगतमा माओवादीले आफ्ना एजेण्डा समात्ने र आफ्नो बर्ग समुदायसँग नजिक हुने मुद्दामा केही कमजोरी गरेको स्वीकार्दै अब त्यो गल्ती नदोहोराउने वाचा गरे। एमाले अध्यक्ष केपी ओली प्रति लक्षित गर्दै प्रचण्डले कोही नेता जहाँ जान्छन् चोर र मुर्दाबादको नारा लाग्ने गरेको तर प्रचण्ड जहाँ गयो त्यहाँ जिन्दावादको नारा लाग्न थालेको दाबी गरे। 'पछिल्लो समय जहाँ गएँ, त्यहीँ पार्टी नेतृत्वप्रति जिन्दावादको नारा लागेको छ। नेपाली जनताको यो भरोसालाई अलिकति पनि तोड्न दिने छैन।'- उनले भने। जनता र परिवर्तनको पक्षमा लड्ने पार्टी माओवादी केन्द्र नै हो भनेर जनताले मनमनै फैसला गरिसकेको पनि उनले दाबी गरे।

» बाँकी ३ पेजमा

## रवि लामिछानेको मानवअधिकार उल्लंघन भएको छैन : गृहमन्त्री



परासी। गृहमन्त्री रमेश लेखकले सहकारी ठगीमा संलग्नमाथिको अनुसन्धान प्रभावित हुने काम कसैले पनि गर्न नहुने बताएका छन्। नेपाल प्रेस युनियन नवलपुरद्वारा शनिबार कावासोतीमा आयोजित पत्रकार भेटघाटमा गृहमन्त्री लेखकले लोकतन्त्रमा भिडले न्याय नदिने भन्दै न्यायिक प्रक्रियाबाट नै हरेक गतिविधिको छिनोफानो हुने बताएका हुन्।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि मानवअधिकार उल्लंघनको कुनै पनि व्यवहार नभएको भन्दै अदालतको आदेशअनुसार नै अनुसन्धान भइरहेको गृहमन्त्री लेखकले बताए।

'रविजीमाथि मानवअधिकार उल्लंघनको कुनै काम भएको छैन। सरकार हरेक व्यक्तिको मानवअधिकार रक्षाका लागि प्रतिबद्ध छ,' मन्त्री लेखकले भने-'सहकारी ठगीमा संलग्न जो कोहीमाथि अनुसन्धान हुन्छ।' जनताले दुःख गरेर जम्मा गरेको करोडौं रकम हिनामिना गर्नेमाथि अनुसन्धान हुँदा भिड जम्मा गर्ने, अदालत तथा न्यायिक निकाय घेराउ गर्ने जस्ता गतिविधि हुनु दुर्भाग्यपूर्ण भएको उनको भनाइ छ। मुलुकमा दिगो विकास, शान्ति, सुशासन तथा समृद्धिका लागि सरकार प्रतिबद्ध रहेको बताए। 'स्थायी सरकार नहुँदा आर्थिक गतिविधि चलायमान हुन सकेको थिएन, सुशासन कायम भएन, विकास निर्माणका काम पनि द्रुत गतिमा अघि बढ्न नसकेपछि वर्तमान गठबन्धन सरकार गठन भएको हो।'- उनले भने।

गृहमन्त्री लेखकले वर्तमान गठबन्धनको विषयमा विभिन्न प्रकारको हल्ला फैलाउने कोसिस भएको भन्दै यो गठबन्धन २०८४ सालको निर्वाचन सम्मै कायम रहने जिकिर गरे। संविधान संसोधन तथा राजनितिक स्थायित्वका लागि वर्तमान गठबन्धनको आवश्यक्ता महसुस भएकाले जनचाहना अनुसार काम हुने उनको दाबी छ।

## जीप दुर्घटनामा तीन जनाको मृत्यु

बुटवल। बुटवलमा बलेरो जीप अनियन्त्रित भई पल्टिंदा दम्पत्तीसहित तीन जनाको मृत्यु भएको छ।

पूर्व पश्चिम राजमार्ग को तिनाउ पुल तिनाउ पुलमा भएको दुर्घटनामा मृत्यु हुनेमा बुटवल-१२ नयाँ गाउँ बस्ने ७१ वर्षीय तिलकराम खनाल, उनकी श्रीमती ६७ वर्षीया गौरी खनाल र जीप चालक ३२ वर्षीय हरि न्यौपाने रहेका छन्। गौरी खनाललाई दमको उपचारका लागि नयाँ गाउँबाट लुम्बिनी प्रादेशिक अस्पताल ल्याउने क्रममा जिप अनियन्त्रित भई पुलको डिभाइडरमा ठोक्किएर पल्टिएको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए। पुल क्रस गरिसकेपछिको मोडमा जीप दुर्घटनामा परेको उनले बताए। उक्त जीप अर्घाखाँची क्याटरिङको हो भने मृतक खनाल दम्पति क्याटरिङका सञ्चालकका आमा बुबा हुन्।

## देवदहको बुद्ध सामुदायिक वनमा पार्क महोत्सव हुँदै



**गोबिन्द घर्ती**

*देवदह*

रुपन्देहीको देवदहमा एक दिने पार्क महोत्सव हुने भएको छ। बुद्ध सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा गौतमबुद्ध राष्ट्रिय उद्यानमा पौष ६ गते एक दिने पार्क महोत्सव हुने भएको हो।

सामुदायिक वनले सञ्चालन गरेको पार्कको प्रचार प्रसार र प्रवर्द्धन गर्ने उद्देश्यले एक दिने पार्क महोत्सव गर्न लागेको वन उपभोक्ता समुहका अध्यक्ष टेकबहादुर रानाले बताए। सामुदायिक वनले गौतमबुद्ध राष्ट्रिय उद्यान निर्माण गरेर पर्यापर्यटनको क्षेत्रमा योगदान गर्दै आईरहेको र यसलाई थप प्रचार गर्न महोत्सवले सहयोग पुग्ने उनले बताए।

बुद्ध सामुदायिक वनले निर्माण गरेको गौतमबुद्ध राष्ट्रिय उद्यानमा वार्षिक रुपमा एक लाख आन्तरिक तथा बाह्य पर्यटक आउने र वार्षिक रुपमा १५ लाख आम्दानी गर्दै आएको अध्यक्ष रानाले जानकारी दिए। एक दिने पार्क महोत्सवमा ५ देखि १० हजार दर्शक आउने र करिव ५ लाख खर्च हुने अध्यक्ष रानाले बताए। पर्यटकहरु सिमसार क्षेत्र, चराचुरुङ्गी अवलोकन, वनस्पतिसम्बन्धी अध्ययन तथा अनुसन्धानको लागि आउने गरेको उनले बताए। महोत्सवको एक कार्यक्रमकाबिच लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आर्चायले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ।

महोत्सवमा लोक गायक श्याम राना, भूमिका भण्डारी, हास्यकलाकार शेरबहादुर गुरुङ्, सालैजोका राजु गुरुङ्गलगायतका कलाकारको प्रस्तुति उपाध्यक्ष थमनसिं गुरुङ्गले जानकारी दिए। गौतमबुद्ध राष्ट्रिय उद्यान अहिले ३ हेक्टर क्षेत्रफलमा रहेको र त्यसलाई विस्तार गर्ने सामुदायिक वनले योजना बनाइरहेको उनको भनाइ छ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## मनपरी दोहन रोकौँ

मनपरी उत्खनन् हुँदा तिनाउ नदी अस्वभाविक रुपमा गहिँरिदै गएको छ। नदी गहिरिदा जोखिम बढेको छ। बाढी आउँदा दायाँ र बायाँ कटान बढेको छ। नदी उकास क्षेत्र बढ्दा अतिक्रमण बढेको छ। त्यही बस्ती कटानको मारमा परेको छ। मानवीय जोखिम बढेको छ। तिनाउ नदीमा भइरहेको अनियन्त्रित दोहन रोक्न पटक्कै चासो छैन।

तिनाउ नदी दोहन रोक्ने काम स्थानीय तहको प्राथमिकतामा पर्नुपर्ने हो तर स्थानीय तहले ढुंगागिट्टी निकासीको ठेक्का दिएर नदीमा ठेकेदारको रजाइँ गर्न दिएका छन्। वर्षेनी नदीमा थुप्रिएको ढुंगागिट्टी र बालुवा निकाल्ने भन्दै मनपरी उत्खनन् भइरहेको छ। डेढ दशकयता तिनाउ १० मिटरसम्म गहिरिएको छ।

नदी सभ्यताको मुहान हो। नदी मान्छेसहित सबै प्राणीको जीवन धान्ने आधार हो। तिनाउ नदी खानेपानी र सिँचाइको महत्वपूर्ण स्रोत हो। रूपन्देहीको भविष्य तिनाउसँग गाँसिएको छ। तिनाउ नदीको बाढी, कटान र डुबान झेलेको रूपन्देहीले आगामी दिनमा अझै त्यस्ता कठिन दिनहरु झेल्नुपर्ने बाध्यता छ किन भने अस्वाभाविक रुपमा गहिरिएको नदीमा आउने बाढीले धेरै समस्या निम्त्याउँछ।

स्थानीय सरकार नदी संरक्षण होइन्, धेरै राजस्व असुलीको धन्दामै रमाएका छन्। नदी जोगाउँदा जीवन जोगिन्छ भन्ने मान्यतालाई आत्मसात गर्न पटक्कै चासो छैन। नदीको दोहन बहुआयामिक प्रभाव देखिन थालेका छन्। नदी दोहनले गहिरिँदै जाँदा त्यसका असर सतहमा देखिइसक्दा दोहन नियन्त्रणमा पटक्कै ध्यान नजानु भनेको आफ्नो खुट्टामा आफैँ बञ्चरो हान्नु हो। ठेकेदारले कति परिमाणमा निकाल्ने, कति क्षेत्रफलमा निकाल्ने, कति गहिराइमा निकाल्ने भन्ने प्रष्ट तोकिएको हुन्छ। तर अनुगमन प्रभावकारी हुन नसक्दा मनपरी मौलाएको छ।

अब तिनाउलाई जोगाउने हो भने मनपरी उत्खनन् रोक्नुपर्छ। स्थानीय तहले तिनाउलाई आम्दानीको स्रोतको रुपमा मात्रै प्रयोग गर्न हुन्न। नदी जोगाउन सक्दा प्राकृतिक विपत्तिबाट जोगिन सकिन्छ। पर्यावरणीय सन्तुलनका लागि नदी अपरिहार्य भएकाले मृत्यु उन्मुख नदीलाई जोगाऔं, नदीको जीवन जोगिन सक्दा नै मान्छेको जीवन चल्ने हो।

# वास्तविक पाठशाला नै घर



नवराज रिजाल

*हरेक व्यक्तिको मन मस्तिष्कमा राम्रो नराम्रो वा सकारात्मक नकारात्मक धारणा विकास घरबाटै हुन्छ। यो सिकाइरहनु, बुझाइरहनु र सम्झाइरहनु पर्ने विषय नै होइन। यस्ता सन्दर्भ वा प्रसंग बालबालिका आ–आफ्ना घर परिवारका सदस्यबाट आफैं सिक्छन्, बुझ्छन् र मनन् गर्छन्। घरमै सोंच, विचार, विश्वास र चिन्तन क्रमशः विकास हुँदै जान्छ। हामीले सोचे झैँ बालबलिकाका दिमाग खाली र रित्ता कहिल्यै हुँदैनन्। सिकाइ शून्य हुन्छ भनिने विचार सत्य निकट छैन। यसो भनेर अहिलेसम्म आत्मरतीमा रमाउन हामी खोजिरहेका छौँ। सत्य खोजीमा भन्दा होहल्लामा रमाउने प्रवृत्ति अधिक रहेको यो एउटा ज्वलन्त प्रमाण हो।*



हरेक व्यक्तिको पहिलो सिकाइ घरबाटै आरम्भ हुन्छ र पहिलो शिक्षिका आमा नै हुन्छिन्। हामी सबैले कुराको गहिराइ जानेका, बुझेका र यथार्थबोध पनि गरेका छौँ। प्रसङ्ग पुनः कोट्याएर बहस, छलफल, वादविवाद र तर्कवितर्क गरिरहनुको कुनै तुक वा औचित्य छैन। कुनै पनि मानिस घर परिवारमा के कस्तो वातावरणमा हुर्कियो, कुन किसिमको माया, ममता, सद्भाव, प्रेम र स्नेह पाएर बढ्यो तथा साथीभाइ सहपाठी के कस्ता थिए जस्ता कुराले उसको व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यसर्थ कुनै मानिसको व्यक्तित्व अध्ययन र उसको सफलता/असफलता अध्ययनका लागि घरपरिवारको अध्ययन हुनु अति आवश्यक छ। यही कुरालाई आधार मानेर उसको वर्तमान पढ्दै भविष्य यात्राको आँकलन पनि गर्न सकिन्छ।

बाल्यकालीन विकासको जगमा नै हरेक मानिसमा सोच र चिन्तनको विकास हुन्छन्। विश्वास र आस्थाका आधारहरू निर्माण हुन्छन्। मनमा जन्मेका धारणाले सार्थक बन्ने सुअवसर पाउँछन्। घर खासमा घर हुनुको कारण सामाजिक परम्परा, मूल्य, मान्यता, व्यवहार, आस्था, विश्वास र विचारहरू त्यहीँ बन्दै जान्छन्। अपवाद छाड्ने हो भने बाल्यकालमा घरमा जे सिकियो वा सिक्न उत्प्रेरित गरियो त्यही आधारमा बालकको भविष्य निर्माणको शृंखला आरम्भ हुन्छ। यी र यस्ता कुरा सबै समाज वा समुदायमा लागु हुन्छन्। सबैतिरबाट देख्न र बुझ्न सकिने यथार्थ यही हो तर हाम्रो ध्यान यतातिर पुग्न सकिरहेकै छैन। बाहिरी र देखावटी भुलभुलैयाले मन मस्तिष्कमा खाँबो गाडिरहेको छ। हामी विषयको गहिराइसम्म नपुगी बाहिरी संसारमा हराइरहेका छौँ।

माथि प्रसङ्ग कोट्टिइसकेको छ, घर मानव जातिको पहिलो पाठशाला हो। पहिलो पाठशालामा सिकेको कुराले जीवनमा ठुलो प्रभाव पार्छ। यसर्थ घरभन्दा अन्य ठुलो पाठशाला संसारमा अरू हुन सक्दैन। पहिलो पाठशालाबाट सिकेका ज्ञानले जीवनमा विशेष महत्व राख्छ। बालबालिकालाई जीवनमा कुन बाटो हिँडाउने, कसरी हिँडाएर कहाँ पुऱ्याउने यो कुराको निर्क्योल घरबाटै हुन्छ। घरमा बा, आमासहित हजुरबा, हजुरआमा र अन्य सदस्यबाट प्राप्त हुने ज्ञान र सीपको अथाह भण्डार हुन्छ। यसर्थ सिक्ने सिकाउने र बुझ्ने बुझाउने कुराको आरम्भ घरैमा गरिनु आवश्यक छ। यसको अर्थ हो सिकाइको आरम्भ घरबाट हुने भएकाले बालबालिकालाई ज्ञान, बुद्धि र सिपको विकास गराउन घर अति महत्वपूर्ण हुन्छन्, तर हाम्रा घर–घर जस्ता छन् कि छैनन्, तिनीहरूमा ज्ञान, चेतना, बुद्धि, विवेक र नैतिकता सिकाउने क्षमता कत्तिको छ यी कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ। हाम्रो घर–घर जस्तो बनाउने दायित्व हाम्रै हो। अन्य कसैले आएर हाम्रा घर बनाइदिँदैनन्। यति सोच्न सके हाम्रा घर साँच्चै घर र पहिलो पाठशाला हुने छन्।

बालबालिकाको प्रारम्भिक सिकाइमा घरको ठूलो महत्व रहने कुरामा कसैको बिमति छैन। बालबालिकालाई घरले जे जस्तो बाटो हिँडाउने प्रयत्न गर्छ, ती त्यस्तै बाटोबाट हिँड्न अग्रसर रहन्छन्। यसर्थ उनीहरूको पालनपोषणदेखि रेखदेख र स्याहारसुसारसम्मका कार्यहरूमा विशेष ध्यान दिनु अति आवश्यक छ। घरमा प्रारम्भिक अवस्थामा उचित स्याहारसुसार र संरक्षण नपाएका बालबालिकालाई सहज बाटोबाट हिँडाउन कठिन हुन्छ। हाम्रो ध्यान यतापट्टि पटक्कै जान सकिरहेको छैन। विद्यालय पठाए सबैथोक हुन्छ, गर्नुपर्ने जति उसैले गरिदिन्छ, यो उसको जिम्मेवारी नै हो, हामी यही मान्यता बोकेर हिँडिरहेका छौँ, तर यस मान्यताले फाइदाको साटो हानी पुऱ्याइरहेको छ, यो कुरामा प्रवेश गर्न सकिरहेका छैनौँ। बालबालिकालाई घरायसी वातावरणमा सिकाउनु आवश्यक छ। घरायसी वातावरणमा परिवारका सदस्यहरूबाट जति सिक्छन् त्यति अन्यत्रबाट सिक्न कठिन छ। सिकाइ एउटा कर्म हो यसका लागि कामना गरेर पुग्दैन। ठोस र सकारात्मक कामले मात्र सफलता प्राप्त गर्न सकिन्छ।

हामी अधिकांश अभिभावक आफ्ना सन्तानलाई कुन बाटोबाट कसरी हिँडाएर कहाँ पुऱ्याउने भन्नेतिर गहिराइका साथ सोच बनाउन नै सक्दैनौँ। बनायौँ भने पनि सही रूपले कार्यान्वयनतिर जाँदैनौँ। कार्यान्वयन नगरिएको सोंचले कुनै काम गर्न सक्दैन। त्यस्तो सोंच कल्पनाभन्दा बढी केही पनि हुँदैन। उचित समयमा आवश्यक सोचका साथ सुझबुझपूर्वक घर परिवारबाट आवश्यक काम नगरिएका कारण हाम्रा बालबालिका असल गन्तव्य भेट्टाउन असमर्थ भएका हुन्। यो कुरालाई गम्भीरतापूर्वक लिँदै यथाशीघ्र त्यो दिशामा जानु अति आवश्यक छ। आजसम्म यस्ता काम आवश्यक मात्रामा नभएका कारण हाम्रा बालबालिकाका पाइला पछाडि परिरहेका हुन्।

अझै पनि घरलाई जीवनको सबैभन्दा ठूलो पाठशाला ठानेर काम नथालिए भविष्यमा अशुभ परिणाम निम्तिने सम्भावना प्रचुर छ। समस्या बाजा बजाएर वा जानकारी दिएर आउँदैन। त्यो अकस्मात् आउँछ र समस्याको पहाड उभ्याइदिएर आफ्नो बाटो लाग्छ। यसर्थ बेलैमा सोच्नु अति आवश्यक छ। हाम्रा अधिकांश घर साँच्चै घर बन्न नसकेका कारण आज घर घरमा अनेकौँ समस्या आएका हुन्। दिनप्रतिदिन विविध घटना परिघटना घटेका हुन्। एक पुस्ताको अर्को पुस्तामा रहनु पर्ने मायाको मात्रा घट्दै गएको हो। बालबालिका विदेशप्रति मोहित बन्दै गएका हुन्। आफूसँग केही छैन जे छ परायसँग नै छ भन्ने विचारले उनीहरूको मन मस्तिष्कमा घर गरेको हो। यी सब घर–घर जस्ता हुन नसकेका कारण निम्तिएका समस्या हुन्। तिनीहरूले घरमा घरायसी वातावरण पाउन सकेका भए यस्ता समस्या अत्यन्तै कम हुने थिए। परदेश मोह पनि त्यति विकराल रूपमा देखिने थिएन।

हामी आजका लागि आजै सोचिरहेका छौँ। आजका लागि हिजो सोच्नु पर्ने थियो। हामी यहीँनेर चुक्यौँ। अहिले त्यही कारण अप्ठेरो अवस्थामा आइपुगेका हौँ। आज भोलि पर्सिको लागि सोच्ने बेला हो। यसर्थ दीर्घकालीन सोच बोकेर भोलिको निम्ति बाटो बनाउनु आवश्यक छ। यसले मात्र सुखद परिणाम दिन सक्छ। कामको थालनी जति चाँडो छिटो आरम्भ गर्न सकिए त्यति चाँडै बाटो सरल र सहज बन्छ। तर हामी अधिकांशका ध्यान बालबालिकातिर जान सकिरहेको छैन। विभिन्न चटारा र हतारामा रुमल्लिएका छौँ। उनीहरूका हेरचाह र स्याहारसुसार तथा शिक्षादीक्षालाई सामान्य ठानिरहेका छौँ। यो काम कसैलाई जिम्मा दिँदा हुने ठानेर त्यही अनुसार गरिरहेका छौँ। यही सोंचका हाम्रो बाटो बिग्रिएको हो। हामीपछि परेका मात्र हाइनौँ सन्तानविहीन बन्दै गइरहेका पनि हौँ। यो विषयमा गम्भीरतापूर्वक सोचिनु अति आवश्यक छ।

हरेक व्यक्तिको मन मस्तिष्कमा राम्रो नराम्रो वा सकारात्मक नकारात्मक धारणा विकास घरबाटै हुन्छ। यो सिकाइरहनु, बुझाइरहनु र सम्झाइरहनु पर्ने विषय नै होइन। यस्ता सन्दर्भ वा प्रसङ्ग बालबालिका आ–आफ्ना घर परिवारका सदस्यबाट आफैँ सिक्छन्, बुझ्छन् र मनन् गर्छन्। घरमै सोंच, विचार, विश्वास र चिन्तन क्रमशः विकास हुँदै जान्छ। हामीले सोचे झैँ बालबलिकाका दिमाग खाली र रित्ता कहिल्यै हुँदैनन्। सिकाइ शून्य हुन्छ भनिने विचार सत्य निकट छैन। यसो भनेर अहिलेसम्म आत्मरतीमा रमाउन हामी खोजिरहेका छौँ। सत्य खोजीमा भन्दा होहल्लामा रमाउने प्रवृत्ति अधिक रहेको यो एउटा ज्वलन्त प्रमाण हो।

घरमा सिकाउन सकिँदैन वा सिक्न खोज्दैनन् यस्ता विचार पनि यदाकदा भेटिन्छन् तर यो यथार्थ विचार किमार्थ होइन। नसकिए किन सकिएन ? आवश्यक ध्यान दिन नसकिएको पो हो कि ? यो सोच्नु आवश्यक छ, तर यतातिर हाम्रो ध्यान पटक्कै पुग्न सक्दैन। यसैले बाटो नदेखेर आज पनि निरन्तर अलमलिइरहेका हौँ। विद्यालयलाई सन्तान जिम्मा लगाउन पाए सम्पूर्ण दायित्व सकिन्थ्यो वा पूरा हुन्थ्यो भन्ने हाम्रा आँखा अगाडि अनगन्ती वा बग्रेल्ती छन्। ती आँखा र मस्तिष्क विद्यालयलाई सबथोक देख्छन्। आफ्नो हैसियत र औकात चाहिँ मूल्याङ्कन गर्दैनन्। बालबालिका के चाहन्छन्, कस्तो वातावरणले सिकाइमा भरथेग गर्छ यतातिर ध्यान जाँदै जाँदैन।

एउटा असल घर जीवनोपयोगी विश्वविद्यालय हो। अझ त्योभन्दा पनि माथि भए त्यो पनि हो। विश्व विद्यालयले त पाठ्यक्रमले तोकेको विषयवस्तु पढाउँछ। आफ्नो काममा पारङ्गत पनि बन्न सघाउँछ। व्यक्तिमा निहित क्षमतामा निखार ल्याउन मद्दत गर्छ। जीवनको दिशा निर्धारणमा सहयोगीको भूमिका पखेल्छ तर यति हुँदाहुँदै पनि घर र विद्यालयका बिच ठूलो अन्तर छ। घरको विकल्प विश्वविद्यालय किमार्थ हुन सक्दैन। आजका हामी अति व्यस्त छौँ। हामीसँग समयको पाबन्दी छ। चाहेको कुरा गर्न र भनेको ठाउँमा पुग्न कठिन छ। जीवन दिनप्रतिदिन साँघुरो, असजिलो र अप्ठेरो भइरहेको छ। यति हुँदाहुँदै पनि बालबालिकाको पहिलो सिकाइका निम्ति सबैभन्दा उपयुक्त स्थान घर नै हो। यो कुरा कुनै पनि हालतमा बिर्सन हुँदैन। गोपबाट

# बदलिँदो जीवनशैली र बढ्दो उच्च रक्तचापको समस्या



निर्मला घिमिरे

बदलिँदो जीवनशैली, खानपान र वातावरणीय प्रभावसँगै नसर्ने रोगहरु बढ्दै गइरहेको छ। त्यसमध्ये उच्च रक्तचाप जनस्वास्थ्यको बढ्दो समस्याको रुपमा रहेको छ। यो समस्याले धेरै मानिसलाई प्रभावित पारिरहेको छ। यसलाई पहिला विकसित देशको स्वास्थ्य समस्या मानिन्थ्यो भने विस्तारै विकासोन्मुख देशको पनि समस्या बन्न पुगेको छ।

शरीरमा रगत प्रवाह हुँदा नसा (धमनी) मा दिने चापलाई रक्तचाप भनिन्छ। रक्तचाप मापन गर्दा १४०/९० तथा सोभन्दा माथि पाइएमा उच्च रक्तचाप भनिन्छ। यस समस्यामा सुरुको अवस्थामा लक्षण नदेखिने हुन्छ। समयमा रोग पत्ता लगाएर उपचारमा बस्नु सुरक्षित हुन्छ। यो समस्या दीर्घकालीन रोग हो र यसलाई समयमा पत्ता लगाई डाक्टरको सल्लाह अनुसार लगातार औषधि सेवन, खानपान तथा जीवनशैली परिवर्तनले नियन्त्रणमा राख्न सकिन्छ।

उच्च रक्तचापलाई 'मौन घातक रोग' मानिन्छ। किनकि, उच्च रक्तचापले लक्षण बिना नै मानिसलाई मृत्युको मुखमा पुऱ्याउँछ। कतिपयको उमेरै नपुगी ज्यान जान पनि सक्छ।

वर्ल्ड हेल्थ अर्गनाजेसन (डब्लुएचओ)का अनुसार विश्वव्यापी १.२८ अरब ३०-७९ उमेरका वयस्कहरुलाई उच्च रक्तचाप हुने गर्छ र ४६ प्रतिशत वयस्कहरु आफूमा उच्च रक्तचापको समस्या छ भनेर अनविज्ञ छन्। नेपाल डेमोग्राफी र हेल्थ सर्भे २०२२ अनुसार नेपालमा १८ प्रतिशत महिला र २३ प्रतिशत पुरुषमा उच्च रक्तचाप भएको तथ्यांक छ। (नेपाल डेमोग्राफी र हेल्थ सर्भे २०२२)।

यस समस्यामा सुरुको अवस्थामा केही पनि लक्षण नदेखिने हुनसक्छ। समस्या बढदै जाँदा टाउको दुख्ने, आँखा धमिलो देख्ने, रिंगटा लाग्ने हुन थाल्छ। समयमा नै रोग पहिचान गरेर उपचार गर्न सकिएन भने शरीरका मुख्य अंगहरुमा (मष्तिस्क, मुटु, मिर्गौला, आँखा) विभिन्न जटिलताहरू आउन सक्छन् जसमध्ये मस्तिष्कघात तथा पक्षघात, हृदयाघात, मिर्गौलाले काम नगर्ने, आँखामा समस्या ल्याई अन्धोपनको अवस्थासम्म पुऱ्याउन सक्छ।

यो रोग लाग्न सक्ने सम्भावित कारणहरुमा परिवर्तन गर्न मिल्ने र नमिल्ने विभिन्न कारणहरु पर्छन्। परिवर्तन गर्न नमिल्ने कारणहरुमध्ये उमेर बढ्दै जानु पनि हो। त्यस्तै वंशाणुगत पनि हुने गर्छ। यदि परिवारका सदस्यहरू जस्तैः बुबा, आमा, दाजुभाइ, दिदीबहिनी र अन्य सदस्यहरु जसमा रगतको सम्बन्ध छ भने पनि यो समस्या देखिन सक्छ।

अरु कारणहरुमा यदि कोही व्यक्तिलाई मधुमेह, थाइरोइड, कोलेस्टेरोल, मिर्गौलासम्बन्धी रोगहरु छ भने पनि उच्च रक्तचाप हुनसक्छ। यी परिवर्तन गर्न नमिल्ने कुराहरु प्रायःजसो हाम्रो नियन्त्रणमा हुँदैनन्। तर जीवनशैली र खानपानमा सुधार ल्याएमा केही हदसम्म पर धकेल्न सकिन्छ।

परिवर्तन गर्न मिल्ने विभिन्न कारणहरुमा जीवनशैली र खानपानसँग सम्बन्धित कुराहरु पर्छन्। जसमध्ये धेरै चिल्लो पदार्थको प्रयोग पनि एक हो। जसमा तारेको, भुटेको खानेकुरा, घ्यू, चीज, बटर, रातो मासुको नियमित र धेरै मात्रामा प्रयोग आदिले जोखिम बढाउन सक्छ।

त्यसैगरी दैनिक खानामा नुनको अत्यधिक सेवन गरियो भने हुनसक्छ। मोटोपनको समस्या छ र हाम्रो बडी मास इन्डेक्स २४.९ भन्दा बढी छ भने यो समस्या हुने गर्छ। त्यस्तै निस्क्रिय जीवनशैली पनि अर्को कारण हो, जो व्यक्तिको शारीरिक सक्रियता कम छ वा लागातार लामो समयसम्म बसेर गर्ने प्रकारको काम छ र नियमित कसरत कम छ भने पनि यो समस्या हुने गर्छ। नियमित कसरतलाई प्राथमिकता दिइएन भने पनि निस्क्रिय जीवनशैलीका कारण मोटोपनसँगै यो समस्या देखिने हुन्छ। त्यसैगरी लामो समयसम्म तनावयुक्त जीवनशैली व्यतित भइराखेको छ भने पनि यस्तो समस्या हुने गर्छ।

यस्तो समस्या हुनबाट बच्न वा कम उमेरमा हुनबाट रोक्नको लागि विभिन्न रोकथामका उपायहरु अपनाउन सकिन्छ। यसको लागि मुख्यतः खानपानमा र जीवनशैलीमा नै ध्यान पुऱ्याउन आवश्यक हुन्छ। धेरैजसोलाई यी रोकथामका उपायहरु थाहा नै हुन्छ तर ती कुराहरुलाई व्यवहारमा उतार्न मात्र गाह्रो परिरहेको हुन्छ।

उच्च रक्तचाप हुनबाट रोक्नका लागि सन्तुलित र पोषिलो खानेकुरा मिलाएर खानुपर्छ। विशेषतः दैनिक ताजा हरियो सागपात, फलफूलमा जोड दिनुपर्छ। यसले उच्च रक्तचाप हुनबाट रोक्नुको साथै यदि छ भने पनि नियन्त्रण गर्न सहयोग पुऱ्याउँछ। खानेकुरामा अन्नको प्रयोग गर्दा सकेसम्म बोक्रासहित बनेका परिकार र घरमा नै बनेका कुराहरु खाने बानी बसाल्नुपर्छ। चिल्लो पदार्थको अत्यधिक प्रयोग कम गर्नुपर्छ। तारेको, भुटेको खानेकुरा साथै घ्यू, चीज, बटर, रातो मासुको नियमित र धरै प्रयोगलाई नियन्त्रण गर्नुपर्छ। सुख्खा फलहरु जस्तै बदाम, ओखर, काजु आदिलाई पनि मिलाएर खाँदा शरीरलाई चाहिने राम्रो चिल्लो पदार्थ प्राप्त गर्नुको साथै प्रोटिन र अन्य आवश्यक पोषक तत्व पाइन्छ।

खानामा नुनको कम प्रयोग साथै नुनयक्त जन्क तथा प्रशोधित र प्याकेटिङ खानेकुरा पनि नखानु राम्रो हुन्छ। नुनको धेरै प्रयोगबाट उच्च रक्तचापको समस्या हुनसक्छ। वर्ल्ड हेल्थ अर्गनाजेसनले सिफारिस गरेअनुसार दैनिक एक व्यक्तिले ५ ग्राम (एक चिया चम्चा) भन्दा नुन कम प्रयोग गर्नुपर्छ। नेपालीहरुले नुन भएको खानेकुरा नै धेरैथरी खाने हुनाले यसलाई कम गर्नुपर्छ।

उच्च रक्तचाप हुन नदिनको लागि दैनिक गरिने कसरतलाई पनि उत्तिकै ध्यान दिनु आवश्यक हुन्छ। शहरी क्षेत्रमा मानिसहरुको व्यस्तता, कुर्सीमा बसेर गर्ने प्रकृतिको काम, निष्क्रिय जीवनशैलीसँगै यो समस्या झन् बढिराखेको छ। वर्ल्ड हेल्थ अर्गनाजेसनले तोकेअनुसार कुनै पनि व्यक्तिले हप्तामा मध्यम खालको (पसिना आउने र श्वासप्रश्वास बढने गरी) कम्तीमा १५० मिनेट शरीरिक कसरत गर्नुपर्छ।

यदि हाम्रो कामको प्रकृति शारीरिक श्रम पर्ने खालको छैन भने हामीले आफ्नो स्वास्थ्यको लागि प्राथमिकता दिएर नियमित शरीरिक कसरत गर्ने बानी बसाल्नुपर्छ। यसले गर्दा तौल नियन्त्रणलाई पनि सहयोग पुऱ्याउँछ। तर तौल नियन्त्रणको लागि हामीले खानामा कार्बोहाइड्रेट र चिल्लो पदार्थलाई पनि घटाउनुपर्छ। यदि तौल नियन्त्रण गर्न सकियो भने मोटोपनबाट हुनसक्ने सम्भावित समस्याहरू जस्तैः उच्च रक्तचाप, मुटुरोग, मधुमेह आदिबाट बच्न सहयोग पुऱ्याउँछ।

त्यस्तै यो समस्या हुन नदिनको लागि मानसिक तनावलाई पनि कम गर्ने उपायहरु अपनाउनु पर्छ। यसको लागि हामीले छिटोछिटो हिँड्ने, योग गर्ने, मेडिटेसन गर्ने, जिम गर्ने, मनोरञ्जन दिलाउने विभिन्न प्रकारका डान्स गर्न सकिन्छ।

स्वास्थ्यलाई हानि गर्ने बानीहरु जसमा सुर्तीजन्य पदार्थहरु (चुरोट, बिंडी, खैनी, गुट्खा), मध्यपानहरु (रक्सी, वाइन, बियर) को प्रयोग गर्ने बानी हटाउनुपर्छ। यस्ता चीजहरुको प्रयोगले उच्च रक्तचापको साथै अन्य खालका रोगहरु पनि निम्त्याउन सक्छ।

यदि कुनै व्यक्तिलाई दीर्घ रोगहरु जस्तैः मधुमेह, थाइरोइड, मिर्गौला सम्बन्धी रोग छ भने त्यसलाई बेलाबेलामा स्वास्थ्य जाँच गरी रोगलाई नियन्त्रणमा राख्नुपर्छ।

उच्च रक्तचापको समस्यामा सुरुको अवस्थामा लक्षण नदेखिने हुनाले समयसमयमा स्वास्थ्य परीक्षण गरेर रोग पहिचान गर्नु आवश्यक हुन्छ। यदि समयमा रोग पत्ता लाग्यो भने विभिन्न प्रकारका जटिलताबाट बच्नुको साथै यसबाट हुने अपाङ्गता र समय अगावै हुने मृत्युलाईसम्म रोक्न सकिन्छ। रोग पहिचान भएमा चिकित्सकको सल्लाहअनुसार नियमित औषधि सेवन गर्नु सुरक्षित मानिन्छ। यदि समस्या सुरुको अवस्थामा नै पहिचान हुन सक्यो र उपचारमा बसियो भने उच्च रक्तचापको जटिलता रोकी, घर परिवार र समाज र देशले स्वास्थ्यमा गरिने आर्थिक भार कम गर्न सकिन्छ।

उच्च रक्तचाप अहिले सबैको घरघरको समस्या हुन गइरहेको छ। तसर्थ यस समस्याबाट बच्नको लागि जीवनशैली र खानपानको परिवर्तनमा विशेषत ध्यान दिनुपर्छ। यसको लागि सबै सचेत हुन आवश्यक छ। स्वस्थ जीवनशैली अपनाई, स्वस्थ भई घरपरिवार, समाज र देशको लागि उत्पादनशील नागरिक बन्न सकिन्छ।

# उद्यमी कृषि सहकारी संस्थाको ५औं वार्षिक साधारणसभा




बुटवल । बुटवल ११ रुपन्देहीमा रहेको उद्यमी कृषि सहकारी संस्था लिमिटेडको ५औं वार्षिक साधारणसभा शनिबार एक कार्यक्रमकाबिच सम्पन्न भएको छ। सहकारीका अध्यक्ष दलबहादुर लोहागुनको अध्यक्षतामा भएको कार्यक्रममा लुम्बिनी प्रदेश सभा सदस्य जमुना ढकालको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा बोल्दै ढकालले सदस्यहरुको आर्थिक समृद्धिका लागि सहकारीको महत्वपूर्ण भूमिका रहेको बताइन् । उनले सहकारीको ऐन, नियम, मूल्य र मान्यताअनुसार रहेर सदस्यहरुले कारोबार गर्नुपर्ने समेत बताइन् ।

कार्यक्रममा सहकारीका अध्यक्ष लोहागुनले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष इन्द्रबहादुर बिकले कोषाध्यक्षको आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समिति संयोजक सन्तोष रसाइलीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित गरेको छ।

सहकारीमा १ करोड ८ लाख २५ हजार ५ सय रुपैयाँ शेयर पूँजी, बचत निक्षेप १ करोड १६ लाख १८ हजार ७ सय २७ रुपैयाँ ५१ पैसा, लगानीमा रहेको कर्जा २ करोड १० लाख ३० हजार ६ सय ३३ रहेको छ भने संस्थामा २ सय ६६ महिला सदस्य र ३ सय ७६ पुरुष सदस्य गरी कुल ६ सय ४२ सदस्यहरु आबद्ध रहेका छन् ।

सहकारीले जेष्ठ नागरिक सम्मान, सफल उद्यमी, उत्कृष्ट बचतकर्ता, प्लस टुमा उत्कृष्ट जीपीए प्राप्त गर्ने शेयर सदस्यहरुका छोराछोरी सम्मान, अधिक सदस्य बिस्तार गर्ने, अधिक पुजी लगानी बिस्तार गर्ने सदस्यहरुलगायतलाई सम्मान गरेको छ।

कार्यक्रममा सत्मार्ग सहकारीका अध्यक्ष राम बहादुर विक, सम्बन्ध सहकारीका अध्यक्ष लोकराज शर्मा, हामी र हाम्रो बहुउद्देश्यीय सहकारीका कोषाध्यक्ष डोलेन्द्र विश्वकर्मा, सल्लाहकार सुन्दर कुमार गहतराजलगायतले मन्तव्य राखेका थिए। सोही अवसरमा सहकारीको विकासका लागि सञ्चार क्षेत्रबाट प्रचारप्रसारमा योगदान दिएको भनी सञ्चारकर्मीहरु कृष्ण रणपाल र विरेन्द्र कुँवरलाई प्रशंसापत्रले सम्मान गरेको छ।

सहकारीका सल्लाहकार गकुल विश्वकर्माको स्वागत मन्तव्य भएको कार्यक्रममा लेखा सुपरीवेक्षण समिति सदस्य विजयबिक्रम सोमरे मगरले कार्यक्रम सञ्चालन गरेका थिए।

# शिक्षकहरूमा अटिजमसम्बन्धी सचेतता

बुटवल । बालबालिकाहरुमा पछिल्लो समय निकै धेरै समस्या देखिइरहेको अटिजम भएका विद्यार्थीहरुलाई विद्यालयमा शिक्षकले कसरी व्यवस्थापन गर्ने भन्नेबारेमा बुटवलमा अभिमुखीकरण गरिएको छ। काठमाडौं युनिभर्सिटी(केयु)को आयोजनमा शिक्षकहरुमा अटिजमसम्बन्धी सचेतता तथा स्वीकृति प्राप्त हुने अवस्थाको बारेमा कार्यक्रम गरिएको हो ।

केयु प्रतिनिधि सिजन शाक्यले आरिजम अहिले बालबालिकाहरुमा देखिरहेको अटिजमको बारेमा विद्यालय र शिक्षकले जानकारी लिनुपर्ने बताइन् ।

उनले यसो भएमा मात्र अटिजम पीडित बालबालिकाहरुलाई कार्यक्रममा बोल्दै केयुका विद्यार्थी मल्लिका घिमिरेले बालबालिकाहरुको बौद्धिकताअनुसार नै अटिजम फरक-फरक हुने, लक्षणहरु पनि फरक हुने भएकोले शिक्षकहरुमा सचेतना दिइएको बताइन् ।

केयुका विद्यार्थी अस्बिर सारुले अटिजम भएका बालबालिकाहरु विद्यालयमा मुख्य समय बिताउने भएकोले शिक्षकहरुले बुझ्न सक्नेगरी काम गर्नुपर्ने बताए।

प्यानल डिस्कसनमा अटिजम केयर शोसाइटी लुम्बिनीका प्यारेन्ट चाईल्ड ट्रेनर अनिशा बस्याल, समर्पण बाल गृह बुटवलका सञ्चालक डा.शान्ता शर्मा, मारिया मन्टेस्वरी सञ्चालक मधुप्रसाद अर्याल, तिलोत्तमा हस्पिटलका मेसु डा. सतिश रुपाखेती, राष्ट्रिय अपाङ्ग महासंघका सदस्य सावित्रा घिमिरेलगायतले बच्चाहरुमा आटिजम हुँदैमा आत्तिनु नपर्ने बताउँदै उनीहरुको सहज जीवनयापनक लागि काम गर्नुपर्ने बताएका थिए।

उनीहरुले बालबालिकामा भएको अटिजमलाई स्वीकार्न सकेमा बालबालिकाको क्षमता विकास हुनुका साथै जीवनयापन सहज बनाउन सहयोग पुग्ने बताएका थिए।

बुटवल उप-महानगरभित्रका ३७ विद्यालयका बाल विकासदेखि कक्षा ३ सम्म अध्यापन गराउने प्रत्येक विद्यालयका २/२ जना शिक्षकहरुको सहभागिता रहेको थियो।

# सामूहिक खेलकुद महोत्सवमा मनकामना विजेता

भैरहवा। भैरहवामा भएको २३औँ सामूहिक खेलकुद महोत्सवको विजेता मनकामना इङ्लिस हाइ स्कुल भएको छ। बुधबारदेखि सुरु भएको महोत्सवमा एथ्लेटिक्सतर्फ ६ स्वर्ण, २ रजत, ६ कास्य पदक प्राप्त गरी मनकामना इङ्लिस हाइ स्कुल प्रथम भएको छ भने ५ स्वर्ण, २ रजत, पदक प्राप्त गरी मिनर्वा इङ्लिस हाइ स्कुल द्वितीय र ५ स्वर्ण, ३ कास्य पदक प्राप्त गरी स्पाङगल इङ्लिस स्कुल तृतीय भएका छन् ।

यस्तै भलिबल छात्रतर्फ सिबि पब्लिक प्रथम, न्यू इरा द्वितीय र लड बुद्ध तृतीय भएका छन् भने छात्रातर्फ मनकामना प्रथम, सन्जिवनी द्वितीय र मिनर्वा तृतीय भएका छन।

सामुहिक विद्यालय परिवार रुपन्देहीले आयोजना गरेको खेलकुद महोत्सवको मङ्सिर २६ गते बुधबार सुरु भइ २९ गते शनिबार सम्पन्न भएको हो । समापन कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धरेन्द्र कार्कीले सामूहिक विद्यालय परिवारले आयोजना गरेको खेलले विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुने संगै मनोबल बढाउन सहयोग पुग्ने बताए।

सामूहिक विद्यालय परिवार रूपन्देहीका अध्यक्ष बसन्त पाण्डेले २०५९ सालमा स्थापना भएको सामूहिक विद्यालय परिवार रूपन्देहीले २३ वर्षको दौरानमा थुप्रै राष्ट्रिय खेलाडी उत्पादन गर्न सफल भएको बताए।

अध्यक्ष पाण्डेले सामूहिक विद्यालय परिवारले खेल मैदानको अभावका कारण कहिले कहाँ, कहिले कहाँ खेल गराइरहँदा धेरै चुनौतीहरू झेल्नु परिरहेको बताउँदै स्थायी रूपमा खेलमैदान भए सामूहिक विद्यालय परिवार रूपन्देहीको खेलहरुलाई थप व्यवस्थित गराउन सकिने बताए।

स्वास्थ्यका लागि खेलकुद जीवनका लागि खेलकुद भन्ने मूल नाराका साथ विद्यार्थीहरूलाई शारीरिक र मानसिक रुपमा स्वास्थ्य राख्नु तथा उनीहरूमा भएको प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्य साथ सञ्चालन गरीएको खेल महोत्सवको उद्देश्य पुरा भएको आयोजक टिमले जनाएको छ।

मङ्सिर २६ देखि २९ मंसिरसम्म भएको चार दिने खेल महोत्सवमा पचास मिटरदेखि आठ सय मिटरसम्मका दौड, भलिबल, सय गुणे चार रिले दौड, लङजम्प, र सटपुट खेलहरू भएका थिए।

सामूहिक विद्यालय परिवार रूपन्देहीमा सिद्धार्थनगर नगरपालिका तिलोत्तमा नगरपालिका मायादेवी गाउँपालिका रोहिणी गाउँपालिका र ओम सतिया गाउँपालिकामा पर्ने २० विद्यालय सदस्य रहेका छन्। मङ्सिर २६ देखि मङ्सिर २९ सम्म भएको प्रतियोगितामा विजय हुने प्रतियोगीलाई मेडल प्रमाणपत्र र ट्रफी प्रदान गरिएको थियो। एथ्लेटिक्स तर्फका सम्पूर्ण खेल पक्लिहवा कृषि क्याम्पसमा भएको थियो भने भलिबल खेल पक्लिहवा माविमा थियो।

## मोतीपुर...

स्थानीयका दाबी अनुसार औद्योगिक क्षेत्रको नाममा ल्याइएको जग्गामा करिब ३ हजार घरधुरी पर्छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको प्रतिवेदनमा भने २०७९ साल कात्तिक ३० गतेसम्म एक हजार २२ घर मात्रै परेका छन् ।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले विवाद नभएको करिब ५ सय बिघा क्षेत्रफलमा मात्रै भएपनि औद्योगिक क्षेत्र छिटो बनाउनुपर्ने बताउंछन् । अब पनि ढिलाई भइरहे विभिन्न बहानामा औद्योगिक क्षेत्र परियोजना गुम्ने जोखिम रहेको उनले चेतावनी दिए। बुटवल औद्योँगिक क्षेत्रमा २०३२ सालमा स्थापना भएको औद्योगिक क्षेत्रमा नयां उद्योग स्थापनाका लागि जग्गा अभाव भएपछि उद्योग बाणिज्य संघ र रुपन्देही उद्योग संघले दुई दशकदेखि नयां औद्योगिक क्षेत्रको माग गर्दै आएका थिए। बुटवलको औद्योगिक क्षेत्रमा करिब ६० वटा उद्योग सञ्चालनमा छन् ।

मोतीपुरऔद्योगिक क्षेत्र बनेपछि रुपन्देही औद्योगिक र आर्थिक राजधानी बन्ने उद्योग ब्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डे बताउंछन् ।

## प्रचण्ड...

अध्यक्ष प्रचण्डले भने, 'जनताले मनमनै फैसला गरिसकेको छ। जनतालाई माया गर्ने पार्टी माओवादीले हो, परिवर्तनको पक्षमा लड्ने पार्टी माओवादी केन्द्र र नेता प्रचण्ड नै हो भन्ने जनतालाई परेको छ।'

माओवादी केन्द्रको नेतृत्वमा बनेका सरकारले गरेका काम र अगाडि बढाएका योजनालाई जनताले सकारात्मक ढंगले बुझ्दै गएको उनको भनाइ छ।

आफू सरकारमा रहँदा भ्रष्टाचारविरुद्ध सुशासनको अभियान, सामाजिक न्याय, राष्ट्रको हितमा छिमेकी र अन्य राष्ट्रहरुसँग राम्रो सम्बन्ध कायम गर्दै दुरगामी रुपमा राज्यलाई फाइदा हुने गरी चीन र भारतसँग सहमति र सम्झौता गरेको उनले बताए।

'भ्रष्टाचारी विरुद्धको कारबाही अगाडि बढाउदा म प्रचण्ड नै अगाडि देखिएँ त्यसलाई पनि नछोड्न भनेर सुशासनको अभियान चालियो,' उनले भने, 'मिटरब्याज पीडितहरुको समस्या समाधान गर्न ऐन ल्याएर नै समाधान गर्न मिहिनेत गरियो। त्यसैगरी विदेशमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषमा ल्याउने काम गरियो। अर्थतन्त्रको सुधारका लागि पहल सरकारबाट लिइयो।'

यसैको प्रभाव स्थानीय तह निर्वाचनको नतिजामा पनि देखिएको भन्दै उनले भने, 'भर्खरै सम्पन्न स्थानीय तहको उपनिर्वाचनले को सिद्धिदै छ, को रिभाइभ भएर आउँदै छ भन्ने देखाइसकेको छ। को शक्तिशाली बन्दै छ र कोप्रति जनताको घृणा देखिएको भन्ने संकेत देखिएको छ।'

## देवदहको...

गौतम बुद्ध राष्ट्रिय उद्यान क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउनको लागि राज्यले सहयोग गर्न आवश्यक रहेको औल्याउदै आर्थिक अभावका कारण पार्कलाई व्यवस्थित गर्न नसकिएको लेखा संयोजक सन्तोष भट्टराईले गुनासो गरे। विगतमा संघीय, प्रदेश र स्थानीय सरकारले आर्थिक सहयोग गरेपनि पछिल्लो समय कुनै पनि निकायबाट पार्क व्यवस्थापनको लागि बजेट नपरेको भट्टराईले गुनासो गरे। पार्क महोत्सवको अवसरमा सामुदायिक वन उपभोक्ता समुहले प्रकाशन गरेको स्मारिका समेत विमोचन गरिने छ।


## Malarani Rural Municipality

**Khanadaha, Arghakhanchi**

**Lumbini Province, Nepal**

# Invitation for Bids

Date of publication: 15-December, 2024 (2081/08/30)

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods/procurement of works as mentioned below:

| IFB No. | Contract Name | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Estimated Amount (Exclusive of VAT & Contingencies) (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| MRM/W/NCB/ 2081/082/13 | Construction of Academic Building of Kalika Ne.Ra. Secondary School, Malarani R.M-04 | 3000.00 | 290000.00 | 1,02,09,927.75 | 16/01/202512:00 (2081/10/03) |
| MRM/W/SQ/ 2081/082/14 | Upgradation of Pasleng-Kaluka-Dip Motorable Road, Malarani-09 | 1000.00 | 32000.00 | 10,24,610.66 | 01/01/202512:00 (2081/09/17) |
| MRM/W/SQ/ 2081/082/15 | Upgradation of Timure-Bhedirakhne-Kamerepani Motorable Road, Malarani-07 | 1000.00 | 34000.00 | 10,68,460.93 | 01/01/202512:00 (2081/09/17) |
| MRM/G/NCB/ 2081/082/16 | Procurement and Supply of C.G.I. Sheets for Malarani Rural Municipality | 3000.00 | 300000.00 | – | 16/01/202512:00 (2081/10/03) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

Butwal-11, Kalikanagar, Rupandehi, Tel : 071-415502, 415503
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

## Revised Interest Rate

Effective From 2081-09-01 (16th December, 2024)

| Types of Deposit | | Min. Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 3.00% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | 4.00% |
| | Shine Samriddhi Bachat Khata | - | 5.00% |
| | Shine Remittance Bachat Khata | 1,000 | 6.00% |
| Call | | Up to 1.50% | |
| Fixed | Tenure | Interest Rate (p.a.) Institutional | Individual |
| | 6 Months to below 1 Year | 4.15% | 5.15% |
| | 1 Year to below 2 Years | 5.15% | 6.15% |
| | 2 Years and above | 5.50% | 6.50% |
| | Akshaya Kosh | Negotiable | |
| Recurring Deposit | | Up to 5.15% (p.a.) | |

| Loan & Advances | Interest Rate (p.a) |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium agreement |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |
| **Base Rate (Kartik 2081)** | **7.90%** |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# लुम्बिनी महोत्सवको अटो पेभिलियनमा छुट




भैरहवा । नवौं लुम्बिनी राष्ट्रिय महोत्सवमा आउने दैनिक हजारौं दर्शकको ध्यान खिच्छ अटो प्याभेलियनले । यहाँ १६ वटा स्टलमा विभिन्न कम्पनीका गाडी बिक्रीका लागि राखिएको छ । नेपाली बजारमा भर्खरै मात्र भित्रिएका विभिन्न मोडल र आकर्षक लुक्स भएका गाडीले दर्शकदीर्घको ध्यान तान्ने गरेको हो ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजनामा भैरहवामा जारी महोत्सवले अटोमोबाइल्सलाई प्रवर्द्धन गरिरहेको छ । बिगतका भन्दा भिन्न तरिकाले अटो प्याभेलियन बनाइएको र धेरै कम्पनीका गाडी बिक्रीका लागि राखिएकाले पनि यहाँ पुग्नेले चासोकासाथ गाडीका फिचरबारे बुझ्ने गरेका छन् । अटो प्याभेलियनमा विद्युतीय गाडीहरु प्राथमिकताका साथ प्रवर्द्धन गरिएको छ । यहाँ गाडीहरु प्रवर्द्धन मात्र होइन्, बिक्री समेत भएको अटो प्याभेलियन संयोजन समितिका संयोजक एवं संघका कार्यसमिति सदस्य दिनेशमान अमात्यले बताए ।

'अटो प्याभेलियन महोत्सव स्थलको मुख्य सचिवालयको दायाँ रबायाँ राखिएका छन् । दायाँतर्फ ६ र बायाँतर्फ १० गरी १६ वटा बिभिन्न कम्पनीहरुका कार, जिप, भ्यान, मोटरसाइकलका स्टलहरु छन्', उनले भने- 'एकै ठाउँमा एकैपटक यतिधेरै कम्पनीका गाडीबारे बुझ्न पाइने भएकाले पनि सबैको ध्यान खिचेको हामीले पाएका छौं ।'

यहाँ विद्युतीय र इन्धनबाट चल्ने सवारी साधन मात्र होइन्, यो क्षेत्रमा लोकप्रिय रहेको राइड शेयरिङ इ-ड्राइभ लुम्बिनीले पनि बिजिनेश प्रबर्द्धनका लागि महोत्सवको अटो प्याभेलियनमा स्टल राखेको छ । अटोतर्फ फोर्स, हुन्डाई, बिवाईडी, डिपल, ओमाडा, एमजी, बजाज, हिरो, टिभियस, यामाहा लगायतका कार तथा मोटरसाइकलका स्टल छन् । त्यसैगरी कृषि तथा ढुवानीमा प्रयोग हुने ट्र्याक्टर समेत प्रदर्शनीमा राखिएको छ ।

'आरामदायी यात्राका लागि कार छन् भने कृषिमा प्रयोग गर्न ट्र्याक्टर समेत राखिएको छ, सबैको समिश्रण सवारी भएकाले अटो प्याभेलियनले थप आकर्षण थपेको हामीले पाएका छौं', अमात्यले भने । महोत्सव स्थलमै कार, मोटरसाइकल खरिदमा बिशेष छुट समेत व्यवसायीले दिएका छन् । '१० हजारदेखि ५ लाखसम्म छुट दिइएको छ, यो बम्पर छुट हो', उनले भने, 'यसको फाइदा लिन हामीले उपभोक्तालाई आग्रह गरिरहेका छौं ।' उनका अनुसार यो छुट महोत्सवपछि पूर्णरुपमा हुनेछैन । छुट दिइए पनि केही कम हुने उनले बताए ।

फोर्स कम्पनीका मोटर बिक्री गर्दै आएको फोर्स मोटर्शले नयाँ गाडी अर्वानियामा ५ लाख रुपैयाँसम्म छुट दिएको फोर्स मोटर्श भैरहवाका अध्यक्ष समेत रहेका अटो प्याभेलियन संयोजक अमात्यले बताए । फोर्सको स्टलबाट एउटा फोर्स ट्राभलर गाडी बिक्री समेत भएको छ । 'अर्को एउटा गाडी बुकिङ भएको छ', फोर्स मोटर्स भैरहवाका प्रबन्ध निर्देशक प्रबिण भारीले भने-'गाडीबारे बुझ्न आउने धेरै हुनुहुन्छ । कतिले केही समयपछि खरिद गर्ने बताउनु भएको छ । यसबाट हामी उत्साहित छौं ।'

महोत्सबमा अटो स्टलमा बिक्री मात्र नभई अटोको बारेमा जानकारी लिने, सोधीखोजी गर्नेहरु समेत बढी छन् । इन्धन भन्दा पनि विद्युतीय गाडीबारे सोधपुछ गर्दै चासो राख्नेहरु बढी पाइएको र महोत्सवको अटो प्याभेलियनमा अवलोकनकर्ताको आकर्षण दैनिक बढ्दो क्रममा रहेको संघका महासचिव कृष्णप्रसाद घिमिरेले जनाए ।

बजाज कम्पनीको भैरहवा क्षेत्रमा दुई पांग्रे गाडी बिक्री गर्दै आएको बज अटोले पनि महोत्सवमा रहेको स्टल मोटरसाइकलबारे बुझ्ने धेरैजना आइरहेको जनाएको छ । 'भैरहवा बुद्धचोकको बिक्री कक्षबाट बिक्री तथा प्रबर्द्धन गर्दै आएकोमा अहिले महोत्सव स्थलमा पनि स्टल राखेर बिक्री एवं हजारौं उपभोक्तामाझ प्रवर्द्धन गर्दै आएका छौं । यसबाट हामी खुशी छौं ।'- बज अटोका भैरहवाका प्रबन्धक बलराम आचार्यले भने ।

आचार्य जस्तै अन्य अटो व्यवसायीहरु पनि महोत्सव मार्फत् अटोको प्रवर्द्धन गर्न पाएकोमा खुशी छन् । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक ठाकुरकुमार श्रेष्ठले मेलामा अटोको बिक्री मात्र नभई बजारीकरण एवं प्रबर्द्धन भएको जनाए । 'बजारमा बिक्री कक्षमार्फत् बिक्री र प्रबर्द्धन हुँदै आएका कार, मोटरसाइकलहरुको प्रबर्द्धन, बजारीकरण एकै साथ हजारौं उपभोक्ता माझ हुन पुग्नु ठुलो कुरा हो', उनले भने-'छोटो समय र कम खर्चमा अटोको प्रवर्द्धन एवं बजारीकरण महोत्सव मार्फत भएको छ । उनले एकै ठाउँमा धेरै वस्तुको प्रबर्द्धन गर्नु नै महोत्सवको विशेष भएको जनाए । लुम्बिनी महोत्सवले सबै क्षेत्रमा उत्साह थपेको श्रेष्ठ बताउँछन् ।

# प्राविधिक शिक्षालाई जोड दिऔं : उपप्रधानमन्त्री सिंह

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

उपप्रधानमन्त्री प्रकाशमान सिंहले सैद्धान्तिक शिक्षा भन्दा प्राविधिक शिक्षालाई प्रथामिकता दिनु पर्ने बताउनुभएको छ । नवलपुरको कावासोती २ मा रहेको शिव नमुना माध्यमिक विद्यालयमा स्वर्ण महोत्सवको उद्घाटन गर्दै उपप्रधानमन्त्री तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले यस्तो बताएका हुन् ।

उपप्रधानमन्त्री सिंहले आज विद्यालयको स्वर्ण स्तम्भको अनावरण र स्मारिका विमोचन गर्नुभएको थियो । २०३१ सालमा स्थापना भएको शिव नमुना माध्यमिक विद्यालयको स्थापनाको ५० बर्ष पुरा भएको अवसरमा विद्यालयले स्वर्ण महोत्सव गरेको हो । स्वर्ण महोत्सवका पुस २ गतेसम्म विविध कार्यक्रम गरी मनाउने भएको विद्यालयका प्रधानाध्यापक अर्जुन पौडेलले बताउनुभयो ।

स्वर्ण महोत्सवको जिल्ला स्तरिय विज्ञान प्रदर्शनी, खेलकुद, अत्तिरिक्त क्रियाकलाप, शैक्षिक सामग्री प्रदर्शनी, खाना उत्सव, पूर्व विद्यार्थी तथा विद्यार्थी, शिक्षक, पूर्व समितिबीच पुनर्मिलन लगायतको कार्यक्रम राखिएको छ ।

उपप्रधामन्त्री प्रकाशमान सिंहले विद्यालयको पनि अवलोकन गर्नुभएको थियो ।

स्वर्ण महोत्सवमा बोल्दै मन्त्री सिंहले वैदेशिक रोजगारीका लागि जाने क्रम बढेका कारण शैक्षिक प्रमाणपत्र दिने मात्रै शिक्षा भन्दा पनि सिप सिकाउने शिक्षा दिनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै उपप्रधानमन्त्री सिहले नेपाल सरकार शिक्षा क्षेत्रको विकासका लागि शैक्षिक सस्थाहरुको आर्थिक तथा भौतिक विकासका लागी तत्पर रहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक अर्जुन पौडेलले स्वर्ण महोत्सवबाट संकलित सहयोगबाट विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक सामग्री थप गर्न प्रयोग गरिने भएकोले सबैलाई सहयोग गर्न आग्रह पनि गर्नुभयो ।

महोत्सवबाट विद्यालयले आर्थिक सहयोग अपेक्षा गरेको छ ।कार्यक्रममा संविधान सभा सदस्य कृष्ण पौडेल, प्रदेश सभा सदस्य दमयन्ती रुचाल, विन्दु पहाडी, गण्डकी प्रदेशका पूर्व सांसद ओम कला गौतम, जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विक लगायतले शुभकामना राख्नु भएको थियो । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिव पाण्डेको अध्यक्षतामा भएको थियो ।




# देवदह बुद्ध र युनिक होम्स् सेमिफाइनलमा




भैरहवा । ११औं संस्करणको 'स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता'मा देवदह बुद्ध मावि र युनिक होम्स इङ्गलिस बोर्डिङ हाई स्कूल सेमिफाइनल पुगेका छन् । शनिबार भएका दुई खेलमा देवदहले लुम्बिनी शिक्षा निकेतनलाई ६ विकेट र युनिक होम्सले शान्ति नमूना माविलाई पनि ६ विकेटले नै हराउँदै सेमिफाइनल यात्रा पक्का गरेका हुन् ।

भैरहवास्थित सिद्धार्थ रंगशालामा टस जितेर ब्याटिङ गरेको लुम्बिनी शिक्षा निकेतनले निर्धारित २० ओभरको खेलमा ९ विकेट गुमाएर १ सय १५ रन बनायो । उसका लागि बासुदेव यादवले अविजित ७१ रनको अर्धशतकीय पारी खेले । यस्तै, कमलेश चाईले १५ रन बनाए । बलिङमा देबदह बुद्धका रोहित कुँवरले ४, कृष केसीले ३ र प्रिन्स शर्माले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको देवदह बुद्धले १६ ओभर ५ बलमा ४ विकेट नोक्सानीमा १ सय १६ रन बनाउँदै जित निकाल्यो । उसको जितमा विनय कार्कीले ५३ रनको अर्धशतीकय पारी खेल्दा आकाश न्यौपानेले १७, रोहित कुँवरले नटआउट १२ र कृष केसीले ११ रनको योगदान गरे ।

बलिङमा लुम्बिनी शिक्षा निकेतनका जावेद खान र अफसर खानले २-२ विकेट लिए । खेलमा रोहित कुँवर प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

दोस्रो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको शान्ति नमूनाले ९ विकोटको क्षतिमा जम्मा ८२ रन बनायो । उसका लागि रोशन बश्यालले १८, रुविन पराजुलीले १३ तथा समीर नेपाल र मनोहर यादवले समान १३ रन बनाए पनि अन्य ब्याटर नचल्दा टिमले ठूलो योगफल खडा गर्न सकेन । बलिङमा युनिक होम्सका रन्जित यादवले ४ र अरुण सिंहले २ विकेट लिए ।

प्रतिउत्तरमा युनिक होम्सले ११ ओभर ५ बलमा ४ विकेटको क्षतिमा ८५ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा आयुश धवलले अविजित १९, आदित्य रौनियारले १८ र अभिषेक यादवले १७ रनको योगदान दिए ।

बलिङमा शान्त नमूनाका रिदम भट्टराईले २ तथा नितिशकुमार ठाकुरले १ विकेट लिए । खेलमा रन्जित यादव प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ पाए ।

रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले ५० हजार, उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बेष्ट बलरले जनही ५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय तथा बेष्ट अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक भरत थापाले बताए । प्रतियोगिता पुस २ गतेसम्म सञ्चालन हुनेछ ।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com